# रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**परासी, नवलपरासी**
**प्रदेश नं. ५, नेपाल**

## आ.व. २०७४/७५ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

**(चौथो पटक प्रकाशित २०७४/५/२० गते)**

रामग्राम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न आय शिर्षकहरुमा आ.व.०७४/०७५ को लागि आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यवसाय दर्तावाल ब्यक्ति, फर्म तथा कम्पनीहरुले निम्न शर्तहरु मन्जुर गरी शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीका लागि यो १५ दिने सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र पेश गर्ने ब्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी वापतको रकम न.पा. को रा.वा. बैंक परासीको धरौटी खाता च.हि.नं ३१००३०३००२३०३ (ग ३) मा जम्मा गरेको बैक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सूचनाको मितिले ७५ दिनको म्याद भएको विडवण्डको सक्कल प्रति शिलबन्दी बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

२. ठेक्का रकम न.पा.ले तोके बमोजिम किस्तामा बुझाउनु पर्ने छ । पट्टाचलन पुर्जी लिनको लागि ठेकेदारले पहिलो किस्ताको (अर्थात कबोल अंकको ५० प्रतिशत) रकम अग्रिम रुपमा नगदै बुझाई बांकी दोश्रो किस्ताको (अर्थात कबोल अंकको बाकी ५० प्रतिशत) रकम वरावरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७ महिना अवधि म्याद भएको बैंक जमानी पत्र अनिवार्य पेश गर्नु पर्ने छ ।

३. ठेकेदारले सम्झौताको समयमा आफ्नो कबोल अनुसारको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा ५% (पाच प्रतिशत) छुट दिइनेछ ।

४. बोलपत्रदाताबाट पर्न आएको वोलपत्रमा ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

५. ठेक्का स्वीकृत भएको जानकारी पत्र पाएको मितिले ७ दिन भित्र अनिवार्य पट्टा चलन पुर्जि लिई सक्नु पर्ने छ अन्यथा ठेकेदारले राखेको धरौटी स्वत: जफत भई नगरपालिकालाई नियमानुसार ठेक्का बन्दोबस्त गर्न बाधा पर्ने छैन ।

६. नगरपालिकाले तोकेको दररेटमा मात्र ठेकेदारले कर, दस्तुर उठाउनु पर्ने छ ।

७. बुधवारे साप्ताहिक हाटबजारको भौतिक पुर्वाधार निर्माणको कार्य हुन गई रहेको हुंदा नगरपालिकाकाले तोकेको स्थानमा मात्र बजार लगाउनु पर्ने छ । सो ब्यवस्थापनको कार्य गर्दा कुनै किसिमको बजार थप, छुट, मिन्हा दिईने छैन ।

८. बोलपत्रदाताले आफ्नो नागरिकताको फोटोकपी अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ राख्नु पर्ने छ साथै कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपले लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

९. प्रत्येक बजार एवं ठेक्काको लागि बोलपत्र खरिद गरि छुट्टा छुट्टै दाखिला गर्नु पर्नेछ साथै खाम माथि ठेक्काको नाम स्पष्ट रुपले उल्लेख गर्नु पर्ने छ ।

१०. ठेक्काको न्यूनतम कबोल अंक निम्नानुसार रहेको छ । प्रत्यके आय ठेक्काको अवधी सम्झौता भएको मिति देखि एक वर्षको लागि कायम गरिएको छ ।

| क्र.सं. | ठेक्काको नाम | वार्षिक कबोल अंक | बोलपत्र फारम मूल्य | कैफियत |
|---|---|---|---|---|
| (क) | साप्ताहिक मंगलवारे पशु (रागा, भैंसी र पाडा) हाटबजारको ठेक्का | **रु. १९,००,०००।००** | रु. १०००।०० (फिर्ता नहुने गरी) | दुई पटक शिलबन्दी बोलपत्र र तेस्रो पटक खुल्ला डाक बढाबढको माध्यमबाट ठेक्का बन्दो वस्त गर्दा ठेक्का लाग्न नसकेकाले ठेक अंक संसोधन गरी पुनः चौथो पटक सूचना प्रकाशित गरिएको । |
| (ख) | साप्ताहिक बुधवारे हाटबजार र पार्किंग समेतको ठेक्का | **रु. १०,७५,०००।००** | रु. १०००।०० (फिर्ता नहुने गरी) | |
| (घ) | पटके सवारी कर असुल ठेक्का | रु. २,१०,०००।०० | रु. १०००।०० (फिर्ता नहुने गरी) | सडकको विवरण निम्न अनुसार छ । |

निम्न सडकहरु :

- **केरवानी देखि वाइपास सडकमा जोडिएको पिच सडक**
- **जोकवार देखि पाल्ही क्याम्पस हुदै महेशपुर सडकमा जोडिएको पिच सडक**
- **लक्ष्मीपुर देखि मंझरीया चोकको बाइपास सडकमा जोडिएको पिच सडक**
- **सहुवाटिकरको झरही खोला देखि सुनवल परासी सडकमा जोडिएको पिच सडक**
- **सण्डाको झरही खोला देखि सुनवल परासी सडकमा जोडिएको पिच सडक**
- **पोखरापालीको ठुलो पोखरा देखि हुलाकी सडकमा जोडिएको पिचसडक**
- **पोखरापाली देखी रक्सहवा र ऐचावल जाने सडक**
- **सहुवाटिकर देखि उद्योग वाणिज्य संघको पिच सडक**
- **उजैनी स्तुप जाने पिच सडक**
- **बैकुण्ठपुर देखि देउरवा जाने पिच सडक**

**नोटः यी सडक प्रयोग कर्ताहरुले नगरपालिकामा वार्षिक सवारी कर बुझाएको खण्डमा पटके सवारीकर ठेकेदारले असुली गर्न पाउने छैन ।**

११. यो सुचना प्रथम पटक प्रकाशित भएको १५ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी सक्नु पर्ने छ ।

१२. यो सुचना प्रकाशित भएको १६औं दिन दिउंसो १२ बजे सम्म बोलपत्र दाखिला गरी सक्नु पर्नेछ ।

१३. दाखिला भएको बोलपत्र १६औं दिन दिउंसो २:०० बजे कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने मितिमा ठेकेदार आफै उपस्थित हुनु पर्ने छ उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

१४. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन कुनै कारणबस विदा परेमा क्रमश: कार्यालय खुलेको दिन म्याद कायम हुने छ ।
१५. ठेकेदारले नगरपालिकाको निर्णय वा निर्देशन विपरीत कार्य गरेमा नगरपालिकाले ठेक्का रद्द गर्न सक्ने छ ।
१६. ठेक्का अवधि भरिमा ठेकेदारलाई कुनै किसिमको बन्द, हडताल आदिको छूट, मिनहा वा म्याद थप दिइने छैन् ।
१७. सम्बन्धीत ठेक्काको दररेट नगरपालिकाको कर उप शाखामा हेर्न सकिनेछ ।
१८. माथि उल्लेख भए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।
१९. न.पा.ले तोकेको ढाचामा कबुलियत पट्टा चलन पुर्जि लिनु पर्ने छ ।
२०. ठेकेदारले बजार लाग्ने दिन भन्दा एक दिन अगाडी र एक दिन पछाडी नियमित रुपमा सरसफाईको ब्यवस्था, खानेपानी, विजुली र बजारको सुरक्षा ठेकेदार स्वयंले गर्नु पर्ने छ । सो ब्यवस्था गरे वापत नगरपालिकाले कुनै पनि खर्च ब्यहोर्ने छैन ।
२१. आन्तरिक आय ठेक्का बन्दोवस्त सम्बन्धि सुचनाको शर्त नं. १० को (ख) को ठेक्का लिने ठेकेदारले सवारी पार्किंगको ब्यवस्था नगरपालिकाले तोकेको स्थानमा मात्र गर्नु पर्ने छ ।
२२. अन्य थप जानकारीको लागि कार्यालय समयमा कर उप शाखामा सम्पर्क गर्न सकिने छ ।